आज मिति २०७४/००४/०४ गते बुद्धभूमी नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारीहरू लगायत कर्मचारीहरूको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारू | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारू | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुँवर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. २ | |
| | आमान्त्रित पदाधिकारी | | | |
| २१ | श्री प्रविण पौडेल | कार्यकारी अधिकृत | बुद्धभूमी न.पा. | |
| २२ | श्री चुरामणि पोखरेल | लेखा अधिकृत | बुद्धभूमी न.पा. | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री मोहराज पौडेल | शहरी वि. शाखा | बुद्धभूमी न.पा. | |
| २४ | श्री युवराज पोखरेल | योजना शाखा | बुद्धभूमी न.पा. | |
| २५ | श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्धभूमी न.पा. | |
| २६ | श्री रविन चौधरी | कम्प्युटर शाखा | बुद्धभूमी न.पा. | |
| २७ | श्री रामवृक्ष चौधरी | राजस्व शाखा | बुद्धभूमी न.पा. | |
| २८ | श्री बाबुराम खनाल | अ.स.ई | बुद्धभूमी न.पा. | |
| २९ | श्री राजु प्रसाद चौधरी | जिन्सी शाखा | बुद्धभूमी न.पा. | |
| ३० | श्री विष्णु प्रसाद पौडेल | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३१ | श्री नुमराज भुसाल | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३२ | श्री शिवरतन प्रसाद चौधरी | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३३ | श्री पुष्पा गैरे | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३४ | श्री निरज थापा मगर | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३५ | श्री हुमकान्त खनाल | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३६ | श्री नरहरि खनाल | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३७ | श्री नविन खनाल | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३८ | श्री पार्वता पन्थी | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ३९ | श्री नारायण खनाल | वडा सचिव | बुद्धभूमी न.पा. | |
| ४० | श्री गोकर्ण अर्याल | | बुद्धभूमी न.पा. | |
| ४१ | श्री डोल विक्रम बेल्बासे | | बुद्धभूमी न.पा. | |

Scanned by CamScanner

**प्रस्तावहरू :**

१) राजस्व दररेट सम्बन्धमा ।

२) कवाडी ठेक्का सम्बन्धमा ।

३) घरभाडा सम्बन्धमा (वडा कार्यालय व्यवस्थापन)

४) ताल तलैया बाँकी बक्यौता तथा ठेक्कापट्टा सम्बन्धमा ।

५) सुरक्षा गार्ड राख्ने सम्बन्धमा ।

६) बालमैत्री नगरपालिका घोषणा सम्बन्धमा ।

७) इमिलिया कृषि साप्ताहिक बजार सम्बन्धमा ।

८) बडहरा क्रेसर निकासी सम्बन्धमा ।

९) समायोजन भई आउने कर्मचारीको व्यवस्थापन सम्बन्धमा ।

१०) आपतकालिन मर्मत संभार सम्बन्धमा ।

११) आधारभूत तह ४-१२ बालबालिका विद्यालय भर्ना अभियान सम्बन्धमा ।

१२) नागरिकता सिफारिसको न्युनतम शुल्क सम्बन्धमा ।

१३) दमकल खरिद सम्बन्धमा ।

१४) संघ/संस्थाहरूको संयुक्त बैठक सम्बन्धमा ।

१५) गाडी/मोटरसाईको व्यवस्थापन सम्बन्धमा ।

१६) आ.व. २०७४/०७५ को नगर परिषद् सम्बन्धमा ।

१७) बैंक कारोबार सम्बन्धमा ।

१८) क्यान्टिन सञ्चालन सम्बन्धमा ।

१९) अस्पताल माग सम्बन्धमा ।

२०) मासिक बैठक सम्बन्धमा ।

**निर्णयहरू :**

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा बुद्धभूमी न.पा. अन्तर्गत समायोजन भएका साविक बुद्धवाटिका, भृकुटी नगरपालिका र साविक महुवा, धनकौली, मानपुर गा.वि.स. हरूको राजस्वका दररेटहरू फरक फरक हुन गएको हुँदा एकरूपता कायम गर्नका लागि नगरपालिकाले राजस्व दररेट समायोजन गर्नु पर्ने भएकोले स्थानीय तह सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ अनुसार समायोजनका लागि एकहप्ता भित्र प्रतिवेदन पेश गर्ने गरी तपसिल अनुसारको राजस्व दररेट समायोजन समिति गठन गर्ने निर्णय गरियो ।

१) मिरा चौधरी — संयोजक

२) खुमानन्द न्यौपाने

३) तेज बहादुर बस्नेत
४) त्रिलोकी खरविन्द
५) चिरञ्जीवी आचार्य
६) बाबुराम खनाल
७) रामवृक्ष चौधरी

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा बुद्धभूमी न.पा.को आ.व. २०७४/०७५ का लागि कवाडी ठेक्कामा दिन नगरपालिका भित्र के कति मात्रमा कवाड रहेको छ सोको तथ्याक बुझी ठेक्का लैजाने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा बुद्धभूमी न.पा. अन्तर्गत नवनिर्वाचित प्रतिनिधिहरूबाट सेवा प्रारम्भ भएकोले वडाहरूमा भवन तथा कोठाको अभाव ले गर्दा व्यवस्थापन गर्नु पर्ने भएको हुँदा आवश्यक वडाहरूमा घरभाडामा लिई कार्यालय व्यवस्थापन गर्ने भनी निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा बुद्धभूमी न.पा. साविक बुद्धवाटिका, भृकुटी न.पा. अन्तर्गका ठेक्कामा लगाइएका सम्पूर्ण ताल तलैयाहरूको किस्ता रकम प्राप्त हुन नसकेकोले उक्त सम्पूर्ण ताल तलैया हरूको किस्ता बाँकी बक्यौता रकम उठाउनका लागि कार्यालयबाट पत्राचार गर्ने र सम्पूर्ण वडाहरूमा रहेका ताल तलैयाहरूको के-कस्तो अवस्थामा रहेका छन् सोको विवरण वडा कार्यालय मार्फत नगरपालिकामा संकलन गर्ने भनी निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा बुद्धभूमी न.पा. साविक बुद्धवाटिका, भृकुटी न. पा. मा र साविक गा.वि.स. हरूबाट खरिद भएका हेवी इक्यूभमेन्ट तथा सवारी साधनहरूको संरक्षण र परिचालन गर्न आवश्यक भएकोले रात्री समयमा रेखदेख र संरक्षण गर्नका लागि प्रक्रिया पुर्‍याई २ जना सुरक्षा कर्मी राख्ने भनी निर्णय गरियो ।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा बुद्धभूमी न.पा. का साविक नगरपालिका र गाउँ विकास समितिहरूमा बालमैत्री कार्ययोजना तयार भई बालमैत्री नगरपालिका र गाउँ विकास समिति बनाउनका लागि उन्मुख तर्फ गईरहेको अवस्थाले गर्दा हाल बुद्धभूमी नगरपालिका घोषणा पश्चात यस नगरपालिकालाई बालमैत्री बनाउनेपर्ने भएकोले घोषणाका सम्पूर्ण सूचकहरू पुरा गर्दै आर्थिक बर्ष २०७४/०७५ सम्म बालमैत्री नगरपालिका घोषणा गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा बुद्धभूमी न.पा. इमिलिया कृषि साप्ताहिक हाटबजारले ठेक्कामा दिनका लागि मिति २०७४/३/२६ गते सुचना प्रकाशन गरी मिति २०७४/४/०२ गते मा डाँक बढाबढ गर्ने भनिएकोमा प्राविधिक कारण वश उक्त दिन डाँक बढाबढ नभएको हुँदा उक्त बजारलाई व्यवस्थित रूपमा ठेक्कामा दिनका इमिलिया कृषि उपज हाटबजार व्यवस्थापन समिति र नगर कार्यपालिकाको संयुक्त बैठक विहीबार बिहान ८ बजे बसी निर्णय अनुसार डाँक बढाबढ गर्ने भनी निर्णय गरियो ।

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा बुद्धभूमी न.पा. भित्र रहका दुई क्रेसर उद्योग मध्ये वडा नं. १ मा रहेका सत्यदेवा क्रेसर को निकासी कर प्रकृयामा गई सकेकोले चालु आ. व. देखि वडा नं. २ वडहरामा रहेको बालुवा प्रसोधन को पनि निकासी कर असुल प्रकृया अविलम्ब सुरू गर्ने र सोको लागि सम्बन्धित क्रेसरलाई सहयोगको लागि अनुरोध तथा छलफल गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा बुद्धभूमी न.पा. मा अन्य विषयगत कार्यालयद्धारा समायोजन भई आउने कर्मचारीहरूलाई व्यवस्थित रूपमा कार्य सञ्चालनमा सहभागी गराउनु पर्ने भएकोले घर भाडामा लिई कार्य सञ्चालन गर्ने भनी निर्णय गरियो ।

१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा बुद्धभूमी न.पा. को अधिकांश भू-भागहरू ग्रामिण क्षेत्र पर्ने भएकाले बर्षायामको समयमा बाढीले गर्दा सडक तथा अन्य संरचनाहरू बिग्रने सम्भावना हुने हुँदा त्यस्ता आवश्यक संरचनाहरू तुरुन्त मर्मत संभार गर्नेका लागि प्रविधिक मुल्याकंन अनुसार खर्च गर्न गरी आपतकालिन मर्मत संभारका लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा बुद्धभूमी न.पा. अन्तर्गतका सम्पूर्ण वडाहरूमा आधारभूत तह ४ देखि १२ बालबालिका विद्यालय भर्ना अभियान अनुसार सम्पूर्ण बालबालिकाहरू विद्यालय भर्ना भै विद्यालय बाहिर नरहेको अवस्थामा शत प्रतिशत बालबालिका विद्यालय भर्ना घोषणा कार्यक्रम गर्नका लागि जिल्ला शिक्षा कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

१२) प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिका अर्न्तगतका १० वटै वडाका नागरिकहरूको लागि नगरपालिकाबाट प्रदान गरिने महत्वपूर्ण सेवा अर्न्तगत पर्ने नागरिकता सिफारिस दस्तुरलाई नि:शुल्क कायम गरी आजैका मितिदेखि लागुहुने गरी सम्पूर्ण वडा कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

१३) प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिकामा आपतकालिन आगलागी लगायतका भवितव्य घटनाहरू नियन्त्रणको लागि वारूण यन्त्रको अत्यावश्यक भएकोले सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

१४) प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न संघसंस्थाहरू र नगरपालिकाको संयुक्त बैठकबसी यस नगरपालिका भित्र संचालन हुने सम्पूर्ण कार्यक्रमलाई एक द्धार प्रणालीमा संचालन गर्ने निर्णय गरियो ।

१५) प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिकाका ठूला तथा साना गाडीलाई कार्यालयमा पूर्ण रूपमा श्रेष्ता रहने गरी व्यवस्थापन तथा संचालन गर्ने निर्णय गरियो ।

१६) प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस बुद्धभुमी नगरपालिकाको स्थानीय तहको प्रथम नगरपरिषद् सम्पन्न गर्नको लागि प्राप्त हुने कार्यतालिका अनुसार कार्य गर्ने निर्णय गरियो ।

१७) प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिकाका अधिकांश नागारिकहरूको बैकिङ आर्थिक कारोबार एन.एम.बी. बैंक गोरूसिङ्गेमा रहेको हुँदा उक्त बैंकलाई बुद्धभूमी नगरपालिकाको आर्थिक कारोबार सञ्चालन गर्नका लागि सिफारिस गर्ने भनी निर्णय गरियो ।

Scanned by CamScanner

१८) प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिकाको नगर परिसर भित्र क्यान्टिन सञ्चालनका गर्नेको लागि टहरा निर्माण गरी क्यान्टिन व्यवस्थापन गर्ने निर्णय गरियो ।

१९) प्रस्ताव नं. १९ माथि छलफल गर्दा बुद्धभूमी नगरपालिका अधिकांश भूभागबाट पूर्व पश्चिम लोकमार्ग हुदै गएको हुँदा राजमार्गमा धेरै दुर्घटनाहरू हुने हुँदा समयमा अस्पताल पुग्नको लागि अस्पताल टाढा भएकोले ज्यान जोखिममा पर्ने हुँदा यस नगरपालिका भित्र अस्पताल निर्माण गर्न आवश्यक भएकोले सम्बन्धित निकायहरूमा माग गर्ने निर्णय गरियो ।

२०) प्रस्ताव नं. २० माथि छलफल गर्दा बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको मासिक बैठक प्रत्येक महिनाको ७ गते दिउँसो २:०० बजे गर्ने भनी निर्णय गरियो ।

Scanned by CamScanner

आज मिति २०७४/०४/३० गते बुद्धभूमी नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरू र कर्मचारीहरूको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारू | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारू | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | विमला |
| १७ | श्री सरस्वती कुँवर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री प्रविण पौडेल | सदस्य-सचिव | बुद्धभूमी न.पा. | |
| २२ | श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्धभूमी न.पा. | |
| २३ | श्री रदिन चौधरी | कम्प्यूटर शाखा | बुद्धभूमी न.पा. | |

Scanned by CamScanner

**प्रस्तावहरू**

१. नगरपालिकालाई आवश्यक पर्ने नियमावली तथा कार्यविधीहरू स्वीकृत गर्ने सम्बन्धमा ।

२. कार्यपालिकाका समिति गठन सम्बन्धमा ।

३. राजस्व परार्मश समिति गठन सम्बन्धमा ।

४. श्रोत अनुमान तथा बजेट सीमा निरर्धारण समिति गठन सम्बन्धमा ।

५. बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा ।

६. चालु तथा प्रशासनिक खर्च निर्धारण समिति सम्बन्धमा ।

७. आ.व. २०७४/०७५ को नगरपरिषद सम्पन्न सम्बन्धमा ।

८. सडक मर्मत सम्भार सम्बन्धमा ।

९. मसिक बैठक सम्बन्धमा ।

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बुद्दभूमी नगरपालिकालाई आवश्यक पर्ने निम्न नियमावली तथा कार्यबिधिहरू स्विकृत गरी लागू गर्ने निर्णय गरियो ।

क) बुद्दभूमी नगरपालिकाका पदाधिकारीहरूको आचारसंहिता, २०७४

ख) बुद्दभूमी नगरकार्यपालिकाको बैठक सन्चालन सम्बन्धी कार्यबिधि, २०७४

ग) बुद्दभूमी नगरकार्यपालिकाको (कार्य विभाजन) नियमावली, २०७४

घ) बुद्दभूमी नगरकार्यपालिकाको (कार्य सम्पादन) नियमावली, २०७४

ङ) बुद्दभूमी नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४

**निर्णय नं २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बुद्दभूमी नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७४ को अनुसुची ५ मा व्यवस्था भए बमोजिम नगर कार्यपालिकामा निर्णयका लागि पेश भएका प्रस्तावमा आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिनका लागि देहाय बमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति | संयोजक | श्री वेचन प्रसाद यादव |
| | सदस्य | श्री भेषराज खनाल |
| | सदस्य | श्री कमला थारू |
| ख) सामाजिक विकास समिति | संयोजक | श्री कपिलदेव तिवारी |
| | सदस्य | श्री त्रिलोकी खरविन्द |
| | सदस्य | श्री सरस्वती कुवँर |
| ग) पूर्वाधार विकास समिति | संयोजक | श्री तेज बहादुर बस्नेत |
| | सदस्य | श्री नन्दलाल यादव |
| | सदस्य | श्री प्रभावती लोहार |
| घ) विधेयक समिति | संयोजक | श्री खुमानन्द न्यौपाने |
| | सदस्य | श्री रामदेव पासी |
| | सदस्य | श्री खुमाकला पाण्डे |
| ङ) आर्थिक विकास समिति | संयोजक | श्री रामनोरथ लोहार |
| | सदस्य | श्री गोबिन्द प्रसाद आचार्य |
| | सदस्य | श्री फागु प्रसाद धोबी |
| च) वातावरण तथा विपद व्यवस्थापन समिति | संयोजक | श्री पवन कुमार थारू |
| | सदस्य | श्री विमलादेवी कुर्मी |
| | सदस्य | श्री राजेश्वर सिंह |

Scanned by CamScanner

निर्णय नं ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस बुद्दभूमी नगरकार्यपालिका स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को बुँदा २.१.१ मा व्यवस्था भए अनुसार नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रही यस बुद्दभूमी नगरकार्यपालिकाले आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी यस आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनका लागि एक राजस्व परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

राजश्व परामर्श समिति

| | | | |
|---|---|---|---|
| श्री मिरा थारू | उप प्रमुख | बुद्दभूमी न.पा | संयोजक |
| श्री प्रविण पौडेल | कार्यकारी अधिकृत | बुद्दभूमी न.पा | सदस्य |
| श्री खुमानन्द न्यौपाने | वडाध्यक्ष | बुद्दभूमी नगरपालिका | सदस्य |
| श्री खिमकला पाण्डे | वडाध्यक्ष | बुद्दभूमी नगरपालिका | सदस्य |
| श्री | अध्यक्ष | उ.वा.सं | सदस्य |
| श्री | अध्यक्ष | व्यापार संघ चन्द्रौटा | सदस्य |
| श्री चुडामणि पोखेरल | लेखा अधिकृत | बुद्दभूमी न.पा | सदस्य सचिव |
| श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्दभूमी न.पा | सदस्य |
| श्री मोहराज पौडेल | इन्जिनियर | बुद्दभूमी न.पा | सदस्य |

नोट : उधोग वाणिज्य सघ कपिलवस्तु र व्यापार संघ चन्द्रौटा संग पत्राचार गरी प्रतिनिधि माग गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बुद्दभूमी नगरकार्यपालिका स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को बुँदा २.२.१ मा व्यवस्था भए अनुसार यस नगरपालिकामा प्राप्त हुन सक्ने कुल आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तय गर्न बुद्दभूमी नगरकार्यपालिकामा देहाय बमोजिमको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

| | | | |
|---|---|---|---|
| श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्दभूमी न पा | संयोजक |
| श्री मिरा थारु | उप प्रमुख | बुद्दभूमी न पा | सदस्य |
| श्री प्रविण पौडेल | कार्यकारी अधिकृत | बुद्दभूमी न पा | सदस्य |
| श्री नन्दलाल यादव | वडाध्यक्ष | बुद्दभूमी नगरपालिका | सदस्य |
| श्री फागु प्रसाद धोबी | सदस्य | बुद्दभूमी नगरपालिका | सदस्य |
| श्री श्री कपिलदेव तिवारी | सदस्य | बुद्दभूमी नगरकार्यपालिका | सदस्य |
| श्री युवराज पोखेरल | इन्जिनियर | बुद्दभूमी न पा | सदस्य सचिव |
| श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्दभूमी न. पा. | सदस्य |
| श्री चुडामणि पोखेरल | लेखा अधिकृत | बुद्दभूमी न. पा. | सदस्य |
| श्री रामवृक्ष चौधरी | राजस्व शाखा | बुद्दभूमी न. पा. | सदस्य |

Scanned by CamScanner

निर्णय नं ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बुद्दभूमी नगरकार्यपालिका स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को बुँदा २.३.१ मा व्यवस्था भए अनुसार श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार भएको आएको प्रक्षेपण र वितरणको खाकामा अधारित भई नेपालको संविधानको धारा २३० बमोजिम यस बुद्दभूमी नगरकार्यपालिकामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

बजेट तथा कार्यक्रम तर्जुमा समिति

| | | | |
|---|---|---|---|
| श्री गिरा थारु | उप प्रमुख | बुद्दभूमी न. पा. | संयोजक |
| श्री वेचन प्रसाद यादव | वडाध्यक्ष | बुद्दभूमी नगरकार्यपालिका | सदस्य |
| श्री त्रिलोकी खरविन्द | वडाध्यक्ष | बुद्दभूमी नगरकार्यपालिका | सदस्य |
| श्री तेज बहादुर बस्नेत | वडाध्यक्ष | बुद्दभूमी नगरकार्यपालिका | सदस्य |
| श्री खुमानन्द न्यौपाने | वडाध्यक्ष | बुद्दभूमी नगरकार्यपालिका | सदस्य |
| श्री पवन कुमार थारू | वडाध्यक्ष | बुद्दभूमी नगरकार्यपालिका | सदस्य |
| श्री राममनोरथ लोहार | सदस्य | बुद्दभूमी नगरकार्यपालिका | सदस्य |
| श्री प्रविण पौडेल | कार्यकारी अधिकृत | बुद्दभूमी न. पा. | सदस्य सचिव |
| श्री चुडामणि पोखेरल | लेखा अधिकृत | बुद्दभूमी न. पा. | सदस्य |
| श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्दभूमी न. पा. | सदस्य |
| श्री रामवृक्ष चौधरी | राजस्व शाखा | बुद्दभूमी न. पा. | सदस्य |

निर्णय नं ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस बुद्दभूमी नगरपालिकाको आ.व. २०७४/०७५ को नगर परिषदका गर्नका लागि चालु तथा प्रशासनिक खर्च एकिन गरे पश्चात विकास खर्चको रकम एकिन गर्न सकिने हुँदा बुद्दभूमी नगरपालिकाका आ.व. २०७४/०७५ का लागि चालु तथा प्रशासनिक खर्च निर्धारण गर्न देहाय बमोजिमको चालु तथा प्रशासनिक खर्च निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. श्री प्रविण पौडेल | संयोजक |
| २. श्री चिरञ्जीवी आचार्य | सदस्य |
| ३. श्री मोहराज पौडेल | सदस्य |
| ४. श्री रामवृक्ष चौधरी | सदस्य |

Scanned by CamScanner

आज मिति २०७४/०५/२० गते बुद्धभूमी नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरू र कर्मचारीहरूको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारू | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारू | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | — |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | कपिलदेव तिवारी |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | विमला |
| १७ | श्री सरस्वती कुँवर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ५ | — |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री प्रविण पौडेल | सदस्य-सचिव | बुद्धभूमी न.पा. | |
| २२ | श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्धभूमी न.पा. | |
| २३ | श्री रविन चौधरी | कम्प्यूटर शाखा | बुद्धभूमी न.पा. | |

Scanned by CamScanner

प्रस्तावहरू :
१. बुद्धभूमी नगरपालिको नगर सभा सञ्चालन कार्यविधि-२०७४ पारित गर्ने सम्बन्धमा ।
२. बुद्धभूमी नगरपालिकाको प्रथम नगर सभाको मिति तोक्ने सम्बन्धमा ।
३. सम्पत्तिको अभिलेख तथा जिन्सी लागत खाताको विवरण सार्वजनिक गर्ने सम्बन्धमा ।
४. निकासीकर ठेक्का सम्बन्धमा ।
५. निकासी कर सम्बन्धमा ।

निर्णय नं. १ :
प्रस्ताव नं. १ माथि छलफल गर्दा बुद्धभूमी नगरपालिकाको नगर सभाको कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न आवश्यक समितिहरूको गठन गर्न र अन्य काम कारवाही नियमित एवं प्रभावकारी बनाउन बुद्धभूमी नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि २०७४ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :
प्रस्ताव नं. २ माथि छलफल गर्दा बुद्धभूमी नगरपालिकाको प्रथम ऐतिहासिक नगर सभा सम्वत् २०७४ साल भाद्र २७ गते मंगलबारका दिन (तदनुसार १२ सेप्टेम्बर २०१७) मा सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :
प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहमा बजेट तर्जु, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तारण सम्बन्धी निर्देशिका २०७४ ले निर्देशित गरे बमोजिम नगरपालिकाको कार्यक्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायहरूबाट सञ्चालन भई आएका स्थानीय स्तरका कार्यालय, संरचना, चल अचल सम्पत्ति (कृषि तथा पशु सेवा केन्द र उपकेन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी, आयूर्वेद औषालय, शिक्षा स्रोत केन्द्र, सामुदायिक सिकाई केन्द्र, सामुदायिक सूचना केन्द्र, सामुदायिक पुस्कालय, सामुदायिक भवन, सरकारी वृद्धश्राम, खेलकुद सम्बद्ध सरकारी संरचना, विभिन्न योजनाबाट सम्पन्न खानेपानी, सिचाई जस्ता विकास निर्माण सम्बन्धी संप्रचना आदि) स्वतः नगरपालिकामा हस्तान्तरण हुने व्यवस्था रहेको र उक्त सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लागत खाता २०७४ भाद्र मसान्त भित्र स्थानीय तहले तयार गरी विवरण सार्वजनिक गर्नु पर्ने व्यवस्था अनुरूप देहायको समिति गठन गरी भाद्र मसान्त भित्र जिन्सी निरीक्षण समेत गरी सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता तयारी प्रतिवेदन पेश गर्न कार्यादेश दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | नाम, थर | कार्यालय | पद | कैफियत |
|---|---|---|---|---|
| १. | युवराज पोखरेल | बुद्धभूमी न.पा. | इन्जिनियर | |
| २. | लक्ष्मण लाल श्रीवास्ताव | बुद्धभूमी न.पा. पशु | पशु वि.अ. | |
| ३. | राजेन्द्र प्रसाद चौधरी | बुद्धभूमी न.पा. कृषि | कृषि प्र.अ. | |
| ४. | खेमराज पौडेल | बुद्धभूमी न.पा. शिक्षा | स्रोत व्यक्ति | |
| ५. | डोल विक्रम बेल्बासे | बुद्धभूमी न.पा. स्वास्थ्य | अधिकृत छैठौं | |
| ६. | राजु प्रसाद चौधरी | बुद्धभूमी न.पा. | जिन्सी शाखा प्रमुख | |

Scanned by CamScanner

निर्णय नं. ४ :

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिका वडा नं. १ मा सञ्चालित सत्यदेवा क्रेसर उद्योगको निकासी कर ठेक्का पटक पटक सूचना प्रकाशित आह्वान गर्दा समेत विधिवत रूपमा ठेक्का। प्रस्तावहरू प्राप्त नभएको र ठेक्काको न्यूनतम अंक घटाउनु पर्ने देखिएकाले रू. ९,००,०००|- ( नौ लाख) कायम गर्ने गरी पुनः ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिका वडा नं. २ बडहरामा सञ्चालित लुम्बिनी बालुवा प्रशोधन उद्योगबाट निकासीहुने बस्तुमा ठेक्का साविककै रेटमा लगाउन पुनः सूचना प्रकाशित गर्ने निर्णय गरियो । साथै उक्त क्रेसर उद्योग संग सटेको पोखरी समेतको सदुपयोग गर्ने गरी जिल्ला वन कार्यालय सँग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस बुद्धभूमी नगरपालिका भित्रको राजमार्ग र भित्री सडकहरूमा अव्यवस्थित रूपमा स्थानीय बासीहरूले गाईवस्तुहरू बाध्ने, सामानहरू जथाभावी रूपमा थुप्रन्याउने, सडक क्षेत्रभित्र पर्ने रूख र हागाँहरू नहटाउने प्रवृत्ति देखिएको र यसले दुर्घटनाका जोखिम र गाउँ शहरको सौन्दर्यमा समेत असर परेकाले नगरपालिकाको तर्फबाट एफ. एम. र माइकिङ्को मध्यमबाट स्थानीय जनतालाई सजग गराउने र सम्बन्धित वडा कार्यालय मार्फत यस्तो प्रवृत्तिलाई कडाईका साथ नियन्त्रण गराउने निर्णय गरियो ।

Scanned by CamScanner

आज मिति २०७४/०६/२७ गते बुद्धभूमी नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरू र कर्मचारीहरूको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारू | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारू | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुँवर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ६ | — |
| २० | श्री रामदेव पासी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री प्रविण पौडेल | सदस्य-सचिव | बुद्धभूमी न.पा. | — |
| २२ | श्री रामचन्द्र मरासिनी | लेखा शाखा | बुद्धभूमी न.पा. | |
| २३ | श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्धभूमी न.पा. | |
| २४ | श्री रविन चौधरी | कम्प्यूटर शाखा | बुद्धभूमी न.पा. | |
| | | | | |

Scanned by CamScanner

प्रस्तावहरू :

१. न्यायिक समिति गठन सम्बन्धमा ।

२. जिल्ला समन्वय समितिबाट ठेक्का लगाउन छुट भएका खोलाहरूको ठेक्का सम्बन्धमा ।

३. योजनाहरूको कार्यान्वय तथा कार्य समय तालिका सम्बन्धमा ।

४. बडहराको पोखरीको ठेक्का सम्बन्धमा ।

५. विविध

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा बुद्धभूमी नगरपालिकाको न्यायिक समिति गठन गर्ने सन्र्दभमा नेपालको संविधानको धारा २१७ मा व्यवस्था भए बमोजिम कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था भए बमोजिम यस बुद्धभूमी नगरपालिका अन्तर्गत तपसिल अनुसारको न्यायिक समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. संयोजक | श्री मिरा थारू | उपप्रमुख |
| २. सदस्य | श्री रामप्रसाद बेल्बासे | नगर सभा सदस्य |
| ३. सदस्य | श्री सन्दीप कुमार पाण्डेय | नगर सभा सदस्य |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालयको च.नं. २०५ मिति २०७४।०६।२ को प्राप्त पत्रानुसार सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना प्रकाशन गरी ढुंगा, गिटी, बालुवा र मिस्कट बिक्रीका गर्नका लागि टेन्डर आव्हान भएको मा १.२ मा भगलापुर सुठौली नाका- वाणगंगा सिचाईं को बाँधको १००० मिटर दक्षिण देखि वाणगंगा नगरपालिकाको दक्षिण सिमा सम्म पर्ने नाका भनी खोलिएकोमा उक्त खोलाको पश्चिम पट्टिको खारखानी नाकाबाट निकासी हुने तर्फ ठेक्का छुट हुन गएको र तिलौराकोट रामघाट वरगदी नाका क.व. न.पा. को वडा नं. ६ को उत्तरी सिमादेखि दक्षिण नेपाल भारत सिमा रेखा सम्म भानिएकोमा उक्त नदीको पश्चिम तर्फ चेतरादेही नाकाबाट निकासी हुने तर्फ ठेक्का छुटन गएको र रनगाई नाका र इमिलिया पुलदेखि दक्षिण सीमाना सम्मका विभिन्न नाकाहरूबाट निकासी हुने नदिजन्य पदार्थलाई ठेक्कामा लगाउनका लागि जिल्ला समन्वय समितिमा अनुरोध गर्ने र जिल्ला समन्वय समितिबाट ठेक्का आव्हान हुन नसकेमा बुद्धभूमी न.पा. बाट ठेक्का प्रकृया अगाडि बढाउने भनी निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बुद्धभूमी नगरपालिकाको आ.व. २०७४/७५ मा सञ्चालित योजना तथा कार्यक्रमहरू कार्यान्वयनका लागि कार्य समय तालिका अनुसार सञ्चालन गर्नका लागि वडाहरूमा परिपत्र भएकोले सो अनुसार प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बुद्धभूमी नगरपालिका वडा नं. २ को वडहरा क्षेत्रमा अवस्थित खेखरी र बौनीहवा पोखरीलाई नगरपालिकाद्धारा ठेकेदारबाट मर्मत संभार स्वयम गर्ने गरी तपसिल अनुसार ठेक्का प्रकृयामा लैजाने भनी निर्णय गरियो ।

तपसिल

| क्र.स. | ठेगाना | क्षेत्रफल | कबोल अंक | अवधि |
|---|---|---|---|---|
| १ | वडा नं. २ खेखरी ताल अन्दाजी | ०-१०-० | रू. २,५०,०००।- | ५ बर्ष |
| २ | वडा नं. २ बौनिहवा ताल अन्दाजी | ०-१०-० | रू. २,५०,०००।- | ५ बर्ष |

Scanned by CamScanner

निर्णय नं. ५

प्रस्ताव नं. ५ विविध माथि छलफल गर्दा

१. यस न.पा. का विभिन्न वडाहरूको कार्यालय व्यवस्थापनका लागि नगर प्रमुख र कार्यकारी अधिकृत सहितको टोलीबाट अनुगमन गरी आवश्यक फर्निचर तथा मेसिनरी उपकरण लगायतका सामाग्रीहरू बजेटको दायरा र वडाको आवश्यकता हेरी सकेसम्म एकरूपता हुने गरी खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

२. बुद्धभूमी न.पा. मा रहेका सवारी साधन मध्ये मोटरसाइकलहरूको सन्दर्भमा न.पा. को नाममा रहेका सम्पूर्ण मोटर साइकलहरूलाई बुद्धभूमी न.पा.को जिन्सी शाखामा एकिकृत गरी आवश्यकता अनुसार नगर प्रमुखको निर्देशनमा वडा र नगर कार्यपालिकाका शाखा प्रमुखहरूलाई प्रयोग गर्न दिनुको साथै नपुग सवारी साधनहरूलाई न.पा. द्धारा आवश्यकता हेरी बजेटको व्यवस्था गरी खरिद गरी दिने भनी निर्णय गरियो ।

२०७४।६।२६

Scanned by CamScanner

आज मिति २०७४/०७/२६ गते बुद्धभूमी नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरू र कर्मचारीहरूको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारू | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारू | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुँवर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री मेघनाथ पाध्या | सदस्य-सचिव | बुद्धभूमी न.पा. | |
| २२ | श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्धभूमी न.पा. | |
| २३ | श्री रविन चौधरी | कम्प्यूटर शाखा | बुद्धभूमी न.पा. | |
| २४ | श्री नविन खनाल | खरिदार | बुद्धभूमी न.पा. | |
| २५ | श्री फर्सुराम आचार्य | सवारी चालक | बुद्धभूमी न.पा. | |

Scanned by CamScanner

**प्रस्तावहरू :**

**१. स्वागत सम्बन्धमा ।**

**२. प्रथम नगर सभाद्धारा स्वीकृत आ.व. २०७४/७५ को बजेट, नीति, कार्यक्रम तथा निर्णयहरूको सार्वजनिकरण सम्बन्धमा ।**

**३. प्रथम नगर सभाद्धारा निर्णय कार्यान्वयनका लागि अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

**४. नगरपालिका खुल्ला दिशा मुक्तका लागि शौचालय निर्माण सम्बन्धमा ।**

**५. नगरपालिकालाई साक्षरता र पूर्ण खोप घोषणा सम्बन्धमा ।**

**६. बुद्धभूमी न.पा. का स्वीकृत योजनाहरूको सर्वे डिजाइन सम्बन्धमा ।**

**७. गोरूसिङ्गेमा सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।**

**८. लघु उद्यमका लागि वडा छनौट सम्बन्धमा ।**

**९. UN को Team लाई बुद्धभूमी न.पा.मा स्वागत सम्बन्धमा ।**

**१०. बालविवाह सम्बन्धमा ।**

**११. पुरानो गा.वि.स भवन पत्रकार महासंघलाई दिने सम्बन्धमा ।**

**१२. ई-रिक्सा व्यवसाय सम्बन्धमा ।**

**निर्णयहरू :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा बुद्धभूमी न.पा. का प्रमुख प्रशासकीय अधिकृत श्री प्रविण पौडेलज्यू सरूवाभई जानु भएको र यस न.पा. मा भजनी नगरपालिका कैलालीबाट सरूवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री मेघनाथ पाध्याज्यूलाई नगर कार्यपालिकाबाट हार्दिक स्वागत गर्दै उहाँको यस न.पा.मा रहदासम्म सफल कार्यकालको हार्दिक शुभकामना समेत व्यक्त गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७४ भाद्र २७ गते नगर सभाबाट पारित आ.व. २०७४/७५ को बजेट, नीति तथा कार्यक्रम र निर्णयहरूलाई आएको यस नगर कार्यपालिकाको बैठकबाट सार्वजनिकरण गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर सभाबाट पारित बजेट, नीति, कार्यक्रम तथा निर्णयहरू, र नेपाल सरकारबाट प्राप्त शर्सत र वित्तीय समानीकरण अनुदानबाट विनियोजित नगरपालिका तथा विषयगत कार्यालयका योजना तथा कार्यक्रम र बजेट लाई ऐन, कानूनको परिधिभित्र रही प्रक्रिया पुन्याई कार्यान्वयन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा बुद्धभूमी न.पा. का साविकका बुद्धवाटिका , भृकुटी नगरपालिका र गा.वि.स.हरू खुल्ला दिशा मुक्त घोषणा भई सकेता पनि बुद्धभूमी न.पा. लाई खुल्ला दिशामुक्त न.पा. घोषणा गर्नुपेर्न भएकालेले जनप्रतिनिधी लगायत सम्पूर्ण नगरबासीको घरघरमा शौचालयको के कस्तो अवस्था रहेको छ । वडा समिति मार्फत अनुगमन गरी प्रकृया पुन्याई घोषणा गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा बुद्धभूमी न.पा. का केही वडाहरू साक्षरता र पूर्ण खोप घोषणा भई सकेको र केही बाँकी रहेकाले ती वडा हरूलाई साक्षरता पूर्ण खोपको मात्रा पुरा गरी न.पा. लाई नै घोषणा गर्दै जाने निर्णय गरियो ।

Scanned by CamScanner

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा बुद्धभूमी न.पा.को प्रथम नगर सभाबाट स्वीकृत बुद्धभूमी न.पा. वडा नं. २ र ४ को बीचमा पर्ने मोर्मा घोराही पुल र वडा नं. ५ र १० को बीचमा पर्ने घोराही नालामा पक्की पुल र उक्त सडक निर्माणका लागि सर्वे डिजाइनका लागि परामर्श सेवा बापत कन्सल्टेन्सी हायर गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा बुद्धभूमी न.पा. को वडा नं. २ गोरूसिङ्गे अर्घाखाची चोक र बुद्धभूमी न.पा. वडा नं. ४ को बुढ्ढी हुनमानचोकमा सार्वजनिक शौचालय निर्माणका लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तथा जग्गा व्यवस्थापनका लागि इलाका बन कार्यालयलाई अनुरोध गर्ने र आवश्यक रकम न.पा. द्वारा खर्च गर्ने भनी निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा कपिलवस्तु नगर कार्यपालिका उद्योग विकास शाखाबाट उद्यमशिलता विकास कार्यक्रम, भगत सर्वजित तथा सीप विकास कार्यक्रम र उद्यमी सृजना तथा रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि ३ वटा वडा छनौट गरी पढाई दिनु भनी माग भई आएकोमा यस बुद्धभूमी न.पा. का वडा नं. २, ४, ६ वडाहरू छनौट गरी पठाउने भनी निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा बुद्धभूमी न.पा. मा बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि अनुगमन गर्न **UN** को **Team** मिति २०७४।०७।२८ गते मंगलबार ३:०० बजे बुद्धभूमी नगरकार्यपालिकामा आउने भएकाले नगरकार्यपालिकाका सदस्यज्यूहरू सम्पूर्ण उपस्थित भई स्वागत तथा कार्यक्रमहरू गर्ने भनी निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा बुद्धभूमी न.पा. को ४,५ र ९ वडाहरूमा बाल विवाहमुक्त घोषणाका लागि सनसाइन सामाजिक विकास संस्था र कालिका स्वालम्बन संस्थाले न.पा. सँग समन्वय गरेर मात्र काम गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा बुद्धभूमी न.पा. वडा नं. २ साविक जयनगर गा.वि.स.को कार्यालय भवन जिर्ण अवस्थामा रहेकोले प्रयोग नहुँदा अझ जिर्ण भई जाने हुँने भएकोले उक्त भवनलाई न.पा. को आवश्यकता पर्दाका बखत छोड्ने गरी उक्त भवनलाई मर्मत संभार गरी बस्नका लागि कपिलवस्तु पत्रकार महासंघलाई दिने भनी निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा बुद्धभूमी न.पा.मा इ-रिक्सा व्यवसाय सञ्चालन गरेका व्यवसायीहरूलाई प्रकृया पुर्‍याइ आएका ई-रिक्सा व्यवसायीहरूलाई न.पा.मा दर्ता गर्ने र उक्त रिक्साहरूलाई नगरपालिकाका विभिन्न क्षेत्रहरूमा सञ्चालन गर्नका लागि भाडा दररेट निर्धारण गर्न तपसिलका अनुसारको भाडा दररेट निर्धारण समितिले तय गरेको भाडा अनुसार सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| २. सदस्य | वडा अध्यक्ष ज्यूहरू (वडा नं. १, २, ३, ४, ५, ९) |
| ३. सदस्य | ई–रिक्सा व्यवसायी समिति संयोजक |
| ४. सदस्य सचिव | प्रशासन शाखा (बुद्धभूमी न.पा.) |

Scanned by CamScanner

आज मिति २०७४/०९/०९ गते बुद्धभूमी नगरपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरू र कर्मचारीहरूको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारू | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारू | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुँवर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्पसंख्यक स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री मेघनाथ पाध्या | सदस्य-सचिव | बुद्धभूमी न.पा. | |
| २२ | श्री रामचन्द्र मरासिनी | लेखा अधिकृत | बुद्धभूमी न.पा. | |
| २३ | श्री चिरञ्जीवी आचार्य | प्रशासन शाखा | बुद्धभूमी न.पा. | |
| २४ | श्री रविन चौधरी | कम्प्यूटर शाखा | बुद्धभूमी न.पा. | |
| २५ | | | | |

Scanned by CamScanner

**प्रस्तावहरू :**

१. दैवी प्रकोप/विपद व्यवस्थापन सम्बन्धमा ।
२. कर्मचारी जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
३. उपभोक्ता समितिहरूलाई अभिमूखीकरण तालिम सञ्चालन सम्बन्धमा ।
४. ठेक्का/बोलपत्र सम्बन्धमा ।
५. E–bidding (विद्युतीय ठेक्का बोलपत्र सम्बन्धमा)
६. बालविवाह/सारक्षता सम्बन्धमा ।
७. नगरपालिकाका अन्तर्गतका प्रमुख सडकहरूको दाँयाबायाँ सरसफाई सम्बन्धमा ।
८. लागत सहभागिताका योजना तथा कार्यक्रमहरूको सम्बन्धमा ।
९. सडकबोर्ड तर्फका योजना तथा कार्यक्रम सम्बन्धमा ।
१०. महोत्सव सञ्चालन सम्बन्धमा ।
११. शौचालय निमार्ण का लागि सहयोग सम्बन्धमा ।
१२. लोकसेवाबाट कर्मचारी माग सम्बन्धमा ।
१३. शिक्षा शाखा को काम कार्वाही सम्बन्धमा ।
१४. धार्मिक ऐतिहासिक सम्पदा संरक्षण सम्बन्ध ।
१५. पेश्की रकम सम्बन्धमा ।
१६. भृकुटी माध्यमिक विद्यालयलाई सहयोग सम्बन्धमा ।
१७. आगलागिका लागि राहत वितरण सम्बन्धमा ।
१८. शिक्षक व्यवस्थापन सम्बन्धमा ।
१९. विद्युत सेवा सम्बन्धमा ।
२०. विविध बजेट सम्बन्धमा ।
२१. IT Officer को पदपूर्ति सम्बन्धमा ।
२२. आर्थिक सहयोग सम्बन्धमा ।
२३. विलहरूको भुक्तानी सम्बन्धमा ।
२४. पुराना घरहरूको नक्सा अभिलेख सम्बन्धमा ।
२५. जग्गा व्यवस्थापन सम्बन्धमा ।
२६. खोलाहरू ठेक्का सम्बन्धमा ।
२७. नगर पुस्तिकाको त्रुटिहरू सच्याउने सम्बन्धमा ।

निर्णयहरू :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा बढदै गईरहेको चिसोको कारणबाट प्रभावित हुने अति विपन्न गरिब घरपरिवारहरूलाई संरक्षण गर्नुपर्ने दायित्व भएकोले त्यस्ता व्यक्तिहरूको पहिचानगरी विवरण पेश गर्न वडाहरूलाई पत्राचार गरिएकोमा वडा बाट तथ्याङ्क प्राप्त भएपछि त्यस्ता अति विपन्न घरपरिवार हरूलाई चाहिने न्यानो वस्तु (कम्मल लुगा) हरू जिल्ला दैवी प्रकोप व्यवस्थापन समितिसँग माग गर्ने र बढी शितलहर भएको अवस्थामा प्रत्येक वडाहरूको सार्वजनिक चोकहरूमा दाउरा खरिद गरी आगो बाल्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

Scanned by CamScanner

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा बुद्धभूमी न.पा.को नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि प्राविधिक कर्मचारी जनशक्तिको अभावले गर्दा योजनाहरू शुरू गर्न कठिनाई भईरहेकोले योजना कार्यान्वयन गर्नकालागि आवश्यक कर्मचारी जनशक्ति भर्ना गर्नुपर्ने भएकोले तपसिलका पदहरूमा कर्मचारीहरू दैनिक ज्यालादारीमा भर्ना गर्ने भन्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १. | इन्जिनियर | १ |
| २. | सव इन्जिनियर | २ |
| ३. | सुपरभाइजर | २ |
| ४. | अमिन | १ |
| ४. | कार्यालय सहयोगी | २ |
| ५. | हेल्पर | ४ |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. २०७४/७५ मा सञ्चालन गरिने योजनाहरूको उपभोक्ता समिति गठन गर्न वडामा पत्राचार गरिएकोले वडा बाट समिति गठन भएको जानकारी प्राप्त भएमा वडाहरूमा क्रमबद्धरूपमा उपभोक्ता समितिहरूलाई योजना सञ्चालन सम्बन्धी अभिमुखीकरण तालिम दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०७४/७५ मा सञ्चालन हुने योजनाहरूको सन्दर्भमा नगरसभाबाट रू. १००००००।- (अक्षरेपी दश लाख रूपैया) भन्दा मुनिका योजनाहरू उपभोक्ता समिति मार्फत सञ्चालन र रू. १००००००।- भन्दा माथिका योजनाहरू ठेक्का मार्फत सञ्चालन गर्ने भनिएता पनि ठाउँ र अवस्था हेरी रू. १० देखि ५० लाख सम्मका योजनाहरू सञ्चालन गर्न अनुगमन समितिको राय सहितको प्रतिवेदनको आधारमा उपभोक्ता समिति वा ठेक्का मार्फत सञ्चालन गर्ने र उक्त गरिएको निर्णय लाई अगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व. २०७४/७५ मा सञ्चालन गरिने रू. ६०,००,०००।- भन्दा बढीका योजनाहरू E-Bidding मार्फत सञ्चालन गर्ने भनी निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा बुद्धभूमी न.पा. का वडा नं. ४, ५, र ९ बाल विवाह मुक्त घोषणा भई सकेकोले बाँकी वडाहरू वडा नं. १ र २ को तथ्याकं संकलन गरी मापदण्ड पुरा भएमा घोषणा गर्ने र वडा नं. ३,६,७,८,१० वडाहरूमा बालविवाह मुक्त वडा घोषणा गर्न अभियान सञ्चालन गर्ने र साक्षरता घोषणा नभएका ७ र ८ वडाहरूको तथ्याङ्क बुझी प्रकृया अगाडि बढाई साक्षारता कार्यक्रम सञ्चालन गरी घोषणा गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा न.पा. अर्न्तगतका प्रमुख सडकहरूको क्षेत्राधिकार भित्र दाँयाबाँया घरधनीहरूले विभिन्न किसिमका वस्तु सामाग्रीहरू राख्दा दुर्घटना हुने हुँदा उक्त वस्तुहरु सडकको

Scanned by CamScanner

क्षेत्राधिकार भित्रबाट हटाउनका लागि माइकिङ्ग र एफ.एम. बाट सूचना प्रकाशन गरी जानकारी गराउनु साथै सार्वजनिक स्थानहरूमा डम्पिङ्ग गरिएका विभिन्न किसिमका वस्तुहरू तुरून्त हटाउनका लागि १५ दिने सूचना टाँस गर्ने र तोकिएको समय भित्र आफ्नो सामाग्रीहरू व्यवस्थापन नगरी अटेर गरेमा नगरपालिकाको तर्फबाट उक्त सामाग्रीहरू जफत गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा बुद्धभूमी न.पा. को प्रथम नगरसभाबाट लागत सहभागिता अन्तर्गत विनियोजित भएको बजेटबाट योजनाहरू सञ्चालन गर्नु पर्ने भएकाले लागत सहभागिता अन्तर्गत ५०/५०, ७०/३०, ८५/१५ का योजनज़ाहरू सञ्चालन गर्न वडा स्तरबाट लागत सहभागिता अन्तर्गतका योजनाहरू माग गर्ने भनी निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस बर्ष सडकबोर्डबाट न.पा.का लागि प्राप्त हुने रू. २५ लाख बाट योजनाहरू बाँडफाँड गर्नु पर्ने भएकोले योजनाहरू छनौट गर्नका लागि प्रत्येक वडाहरूमा पत्राचार गरी योजनाहरू माग गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा बुद्धभूमी न.पा. को वडा नं. ९ स्थित इमिलिया खेलमैदानमा बुद्धभूमी औद्योगिक सांस्कृतिक पर्यटन तथा कृषि महोत्सव २०७४ सञ्चालनका लागि बुद्धभूमी न.पा. ९ इमिलिया जनआर्दश सामाजिक केन्द्रले अनुमति माग गरेकोमा उक्त संस्थालाई यस बर्ष न.पा. सह आयोजक हुने गरी महोत्सव सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा बुद्धभूमी न.पा. का सवै वडाहरू बुद्धभूमी न.पा. घोषणा हुनु भन्दा पूर्व साविक गा.वि.स. हुँदा खुल्ला दिशा मुक्त घोषणा भएता पनि केही वडाका टोलहरूमा शौचालय नभएको पाइएको हुँदा हाल तपसिलका वडाका टोलहरूमा शौचालय निर्माणका लागि खानेपानी तथा सरसफाई तर्फका योजना तथा कार्यक्रमहरू अन्तर्गत क्र.स. नं. ५ को नगर स्तरीय खानेपानी तथा वातावरण सरसफाई शीर्षक बाट सामाग्री खरिद गरी दिने र अन्य वडाहरूमा अनुगमन गरी शौचालय नभएको पाइएमा शौचालय निर्माणका लागि न.पा.बाट सहयोग गर्ने निर्णय गरियो ।

तपसिल :

१. बुद्धभूमी -१ तारवारे गाउँ (ट्वाइलेट सिट १, सिमेन्ट बोरा २)
२. बुद्धभूमी -९, गन्धर्व टोल (ट्वाइलेट सिट १, सिमेन्ट बोरा २)

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस बुद्धभूमी न.पा. मा कर्मचारीको अभाव भई रहेको हुँदा केही आवश्यक कर्मचारीहरू लोक सेवा आयोग, बुटवल र क्षेत्रीय कार्यालय पोखराबाट माग गर्नु पर्ने भएकोले तपसिलका पदहरूमा तपसिल कै संख्यामा कर्मचारी माग गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क) ना.सु. - | १० जना (वडा स्तरका लागि) |
| ग) लेखापाल - | १ जना |
| घ) सह-लेखापाल - | १ जना |
| ङ) खरिदार - | ५ जना |

Scanned by CamScanner

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा बुद्धभूमी न.पा. अन्तर्गतका शाखाहरू मध्ये शिक्षा शाखा न.पा. कम्पाउण्ड भित्र रहेको र स्रोत केन्द्र कार्यालय गोरूसिङ्गे भएकोले दुवै एक आपसमा सामिप्य मा नहुँदा काम कार्वाहीमा धेरै समस्या हुने हुँदा शिक्षा शाखा र स्रोत केन्द्र गोरूसिङ्गेको कार्यालयमा राख्ने निर्णय गरियो । साथै नगर भित्रका शिक्षकको नियुक्ति तथा सरूवा गर्दा जिल्ला शिक्षा कार्यालयले नगर प्रमुखको समन्वयमा मात्र गर्नका लागि जिल्ला शिक्षा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा नगर सभाबाट आ.व. २०७४/७५ मा धार्मिक ऐतिहासिक सम्पदाहरूको संरक्षणका लागि बजेट विनियोजन भएकोमा सञ्चालन गर्नका लागि प्रत्येक वडाहरूमा मर्मत सम्भार गर्नु पर्ने धार्मिक, ऐतिहासिक मठ मन्दिर, मस्जिदहरूको अवस्था र ठाँउ हेरी आवश्यक निर्णय गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस बर्षका कार्यक्रमहरू तालिम/गोष्ठी/सामाग्री खरिद तथा सञ्चालन गर्दा पेश्की रकम नदिदा कार्यक्रमहरू सञ्चालन गर्न कठिनाई हुने हुँदा कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक पेश्की रकम उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्दै जाने निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा बुद्धभूमी न.पा. को वडा नं. ४ स्थित श्री भृकुटी माध्यमिक विद्यालयले स्थापनाको ५० बर्षको उपलक्ष्यमा स्वर्ण महोत्सव मनाउने कार्यक्रम र अधुरो मञ्चको निर्माण कार्य सम्पन्न गर्न रकम माग भई आएकोले उक्त विद्यालयलाई स्वर्ण महोत्सव र अधुरो मञ्च निर्माणका लागि रू. २,००,०००।- दिने भनी निर्णय गरियो ।

१७. प्रस्ताव नं. १७ माथि छलफल गर्दा बुद्धभूमी न.पा. वडा नं. १० मा धानवालीमा आगलागि भई क्षतिपूर्ति माग भई आएकोले तपसिलका अग्नि पिडीतहरूलाई तपसिल अनुसार राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. वकटीन धोवी | रू ८०००।- |
| २. अभिमुल हुसन मुसलमान | रू. ५०००।- |
| ३. सहरून निसा मुसलमान | रू. ५०००।- |
| ४. मुबारकन निसा मुसलमान | रू. १०,०००।- |

१८. प्रस्ताव नं. १८ माथि छलफल गर्दा नगरसभाबाट शिक्षक व्यवस्थापन तर्फ बुद्धभूमी -४ स्थित श्री आदेश प्रा.वि. गैरमपुरमा २ जना शिक्षक व्यवस्थापनका लागि बजेट विनियोजन भएकोमा त्यस विद्यालयमा १ जना मात्र निजी शिक्षक कार्यरत रहेकोले एक जना मात्रको व्यवस्थापन गरी बाँकी एक जना बुद्धभूमी न.पा. १० स्थित सरस्वती प्रा.वि. लोहरौलामा थप गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

१९. प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस बुद्धभूमी न.पा. वडा नं. १० (साविक धनकौली गा.वि.स) को केही गाउँ वस्तीहरू नेपाल विद्युत प्राधिकरण कृष्णनगर शाखा मातहतमा रहेको र सोही वडाका केही गाउँ वस्तीहरू नेपाल विद्युत प्राधिकरण तौलिहवा शाखा मातहत रहेको हुँदा विद्युत सम्बन्धी महशुल आदि कामको लागि कृष्णनगर शाखामा जाने आउन सेवाग्रहीहरूको लागि धेरै टाढा पर्ने भएको हुँदा समस्या देखिएको हुनाले दुवै शाखाहरूको समन्वयमा उक्त वडा नं. १० को सम्पूर्ण गाउँ वस्ती तौहिलवा शाखाको मातहतमा महसुल तथा कार्य सञ्चालनका लागि यथाशिघ्र व्यवस्था मिलाई यस नगरपालिकालाई जानकारी दिनको लागि दुवै प्राधिकरण शाखालाई पत्राचार गर्ने निर्णय गरियो ।

२०. प्रस्ताव नं. २० माथि छलफल गर्दा नगर सभाबाट विविध शिर्षकमा विनियोजित बजेटबाट तपसिल अनुसारको शिर्षकमा केही रकम खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. वडा कार्यालय मर्मत सम्भार वडा नं. ८ हरिहरपुर | रू. १,००,०००।- |
| २. वडा कार्यालय मर्मत सम्भार वडा नं. ३ रनगाई | रू. ९०,०००।- |
| ३. लोकमार्ग देखि बगैचा पथ सडक ग्रावेल वडा नं. २ बडहरा | रू. ६०,०००।- |
| ४. भृकुटी उच्च मा.वि. स्वर्ण महोत्सव तथा अधुरो मञ्च निर्माण वडा नं. ४ बुड्ढी | रू. २,००,०००।- |
| ५. वडा कार्यालय ग्राउण्ड माटो पटान वडा नं. १ भेलाई | रू. ६०,०००।- |

२१. प्रस्ताव नं. २१ माथि छलफल गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. १२७ मिति २०७४/०७/१७ गतेको प्राप्त पत्रानुसार सबै न.पा. हरूमा सूचना प्रविधि अधिकृतको करार सेवामा भर्नाका लागि पत्राचार भई यस न.पा. बाट सूचना प्राविधि अधिकृतको सूचना न.पा. वोर्डमा प्रकाशित भएकोमा उक्त सूचनालाई राष्ट्रिय दैनिक पत्रिका मार्फत १५ दिने सूचना प्रकाशन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

२२. प्रस्ताव नं. २२ माथि छलफल गर्दा बुद्धभूमी न.पा. वडा नं. २ बकडरिया गाउँमा मिति २०७४/०७/९ र ११ गते लाग्ने धनुषांजग मेलाका लागि गाउँवासीहरूबाट अनुदान माग भई आएकोले उक्त धनुषाजग मेला सञ्चालनका लागि न.पा. को पुजाआजा शिर्षकमा छुट्टाइएको रकमबाट रू. १०,०००।- अक्षरेपी दश हजार रूपैयाँ दिने भनी निर्णय गरियो ।

२३. प्रस्ताव नं. २३ माथि छलफल गर्दा बुद्धभूमी न.पा.बाट विगतमा प्रमुख प्रशासकीय अधिकृत प्रविण पौडेल हुँदाका बखत खरिद भएका विलहरूको केही प्रकृया नपुऱ्याई खरिद भएकोले हाल प्रमुख प्रशासकीय अधिकृत प्रविण पौडेल विदामा बस्नु भएको र नयाँ प्रमुख प्रशासकीय अधिकृत मेघनाथ पाध्या सरूवा भई आउनु भएकोले त्यस्ता के कति विलहरू छन् खरिद भएको हो वा होइन वस्तावमा खरिद भएको विलहरूको भुक्तानी दिनका लागि खरिद एकाई समितिले अध्ययन गरी आफ्नो राय सहितको निर्णयको आधारमा ७ दिन भित्र भुक्तानी गर्ने निर्णय गरियो ।

२४. प्रस्ताव नं. २४ माथि छलफल गर्दा बुद्धभूमी नगरपालिकामा भवन निर्माण आंचारसंहिता लागू हुनु पूर्व बनेका घरहरूको नक्सा अभिलेख गर्दा नापी नक्सा भन्दा बहिर घरको भाग परेमा बाहिर परेको भागलाई छायाँ पारी नापी नक्सा र भित्र रहेको घरको क्षेत्रफललाई अभिलेख गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

२५. प्रस्ताव नं २५ माथि छलफल गर्दा बुद्धभूमी नगरपालिकाको कार्यालय हाल सञ्चालनमा रहेको साविक भृकुटी न.पा. साविक बुड्ढी गा.वि.स. को कार्यालय भवनबाट कार्य सञ्चालन भै आएकोमा न.पा. को कार्यबोझका दृष्टिकोणले अपर्याप्त भई न.पा. का केही शाखाहरू बुड्ढी हनुमान चोक प्रतिक्षालय धर्मशालाबाट र केही शाखा गोरूसिङ्गेबाट सञ्चालन भई आएकोले न.पा. का सबै शाखाहरू सामीप्यमा नहुँदा सेवा ग्राहीहरूलाई पर्न गएको, असुविधाले गर्दा यस स्थानमा भवन संरचनाको विस्तार गरी कार्य सञ्चालन गर्न जग्गाको अपर्याप्त देखिएकोले बुद्धभूमी न.पा. वडा नं. ४ स्थित लोकमार्गमा पर्ने पूर्वमा बडहराचोक, पश्चिममा झडुलामाई मन्दिर कल्भर्ट, उत्तरमा प्रतापपुर गाउँ र दक्षिणमा बुड्ढी देउरी गाउँ यी चार किल्ला भित्रको क्षेत्रफल करिब २०० विघा हैसियत बिग्रेको बुट्यान क्षेत्र, अतिक्रमणको चपेटामा परेको जग्गा न.पा.ले प्राप्त गरी दिर्घकालीन रूपमा न.पा.को भौतिक संरचना निर्माण गरी न.पा. को कार्यालय सञ्चालन गर्न र यो क्षेत्र ५ नंम्बर प्रदेशको वीच भू-भागमा पर्ने, यसले पूर्व पश्चिम र उत्तर देखि दक्षिण भारत सिमाना सम्म जोड्ने र आगामी दिनमा यसलाई शहरी विकासको रूपमा विस्तार गरी बजारीकरण गर्न उपयुक्त देखिएकोले उक्त जग्गा प्राप्तिका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सिफारिस माग भई आएकोले जिल्ला जग्गा व्यवस्थापन समितिबाट सिफारिस गरिदिनुहुन का लागि अनुरोध गर्ने निर्णय गरियो ।

